[जापानमा काम गर्ने विदेशीको लागि]　　ネパール語版

# श्रमिक दुर्घटना बिमा दाबी गर्नको लागि गाइडबुक

**<प्रथम संस्करण>**

**दाबी गर्न (अर्थात आवेदन दिन) सकिने बिमा भत्ता आदि**

श्रमिक दुर्घटना बिमा जुनसुकै देशको नागरिक भए पनि जापानमा श्रमिकको रूपमा काम गर्ने विदेशीको लागि पनि लागू हुन्छ। रोजगारी गर्न मिल्ने बसोबास-भिसा भएका व्यक्तिहरूलाई अवश्य पनि लागू हुन्छ। साथै प्रवासमा अध्ययनरत अवधिमा आरुबाइतो (पार्ट टाइम कामको प्रकार) गर्दागर्दै दुर्घटना हुन गएको अवस्था आदिमा समेत तिनीहरूलाई पनि लागू हुन्छ।

यो गाइडबुक विदेशी श्रमिकले श्रमिक दुर्घटना बिमाबाट प्राप्त गर्न सक्ने भत्ताको प्रकार वा अन्तर्वस्तु वर्णन गरिएको पुस्तिका हो।

भुक्तानीका शर्त आदिको विस्तृत विवरण बारेमा भने, श्रम मानक निरीक्षण कार्यालयमा बुझ्नुहोला। साथै स्वदेश फर्किनुभयो भने प्राप्त नहुने भत्ता पनि हुने भएकोले कृपया ध्यान दिनुहोस्।

## 【विषयसूची】



- काम वा कामको आवत-जावत कारक भएर घाउ लाग्ने, बिरामी हुने भएमा........P3
- काम वा कामको आवत-जावत कारक भएर आफन्तको मृत्यु भएमा........P7
- पहिल्यै श्रमिक दुर्घटना बिमा भत्ता प्राप्त गरिरहेको भएमा........P10
- अन्य........P14
- आफ्नो देश फर्कँदा ध्यान दिनुपर्ने बुँदाहरू........P16



श्रम तथा कल्याण मन्त्रालय, श्रम मानक ब्युरो,
क्षतिपूर्ति शाखा

# श्रमिक दुर्घटना बिमा भन्नाले

श्रमिक दुर्घटना बिमा भन्नाले, श्रमिकले काम गर्दा वा कामको आवत-जावत कारक भएर, चोटपटक लाग्ने, बिरामी हुने, अझै मृत्यु नै भएको समयमा, उपचार खर्च आदि आवश्यक बिमा भत्ता प्रदान गर्ने प्रणाली हो। विदेशी भएपनि जापान राष्ट्रभित्र काम गर्ने जो कसैको लागि, श्रमिक दुर्घटना बिमा लागू हुन्छ।




*श्रमिक दुर्घटनामा स्वास्थ्य बिमा प्रयोग गर्न मिल्दैन।

【थप जानकारीको लागि】 द्वितीय संस्करण ･कार्यस्थल दुर्घटना → p.3
･बहु रोजगारी कारक दुर्घटना → p.5

## श्रमिक दुर्घटना बिमा भत्ताका प्रकार

◆स्वास्थ्य उपचार (क्षतिपूर्ति) भत्ता : काम गर्दा अथवा कामको लागि गरेको आवत-जावत कारक भएर घाउचोट लागेर वा बिमारी परेर स्वास्थ्य उपचार गर्दा प्रदान गरिने भत्ता

◆बिदा (क्षतिपूर्ति) आदि भत्ता : कुनै काम अथवा त्यसमा आवत-जावत गर्दा भएको घाउचोट वा बिमारीले स्वास्थ्य उपचार गर्न परेर श्रम गर्न नसकी ज्याला प्राप्त गर्न नसक्दा प्रदान गरिने भत्ता

◆घाउचोट वा बिमारी (क्षतिपूर्ति) आदि पेन्सन : कुनै काम अथवा त्यसमा आवत-जावत गर्दा भएको घाउचोट वा बिमारीको उपचार सुरु गरेर 18 महिना हुँदा पनि घाउचोट वा बिमारी बिसेक (लक्षण स्थिर रहने) नभएर अपाङ्गताको हद घाउचोट वा बिमारीको श्रेणीभित्र परेको खण्डमा प्रदान गरिने भत्ता

◆अपाङ्गता (क्षतिपूर्ति) आदि भत्ता : कार्यस्थल अथवा आवत-जावत नै कारक भएको घाउचोट वा बिमारी बिसेक (लक्षण स्थिर रहने) भएर अपाङ्गताको श्रेणीभित्र पर्ने शारीरिक अपाङ्गता बाँकी रहेको खण्डमा प्रदान गरिने भत्ता

◆पीडित परिवार (क्षतिपूर्ति) आदि भत्ता: श्रमिकको मृत्यु भएको खण्डमा प्रदान गरिने भत्ता

◆काजक्रिया खर्च आदि (काजक्रिया) भत्ता : श्रमिकको मृत्यु भएर काजक्रिया गर्न प्रदान गरिने भत्ता

◆केयर गिभिङ् (क्षतिपूर्ति) आदि भत्ता : अपाङ्गता (क्षतिपूर्ति) पेन्सन अथवा घाउचोट बिमारी (क्षतिपूर्ति) पेन्सन पाइरहेकाहरू मध्ये एक निश्चित अपाङ्गताको कारणले, अहिले साँच्चै केयर गिभिङ् प्राप्त गरिरहेको खण्डमा प्रदान गरिने भत्ता

# काम वा कामको आवत-जावत कारक भएर घाउ लाग्ने, बिरामी हुने भएमा

Q. काम वा कामको आवत-जावत कारक भएर घाउ लाग्ने बिरामी हुने भएमा, अस्पतालमा लागेको खर्च (उपचार खर्च), श्रमिक दुर्घटना बिमाबाट भुक्तानी हुन्छ?

① श्रमिक दुर्घटना अस्पताल वा श्रमिक दुर्घटनाको लागि तोकिएको चिकित्सा निकायहरूबाट, सिद्धान्ततः बिना खर्च उपचार गराउन सकिन्छ।
② अन्य विकल्प नभएकोले श्रमिक दुर्घटनाको लागि तोकिएको बाहेकको चिकित्सा निकायहरूमा उपचार गराउने आदि गर्दा, पहिला उपचार खर्च आफूले वहन गरेर पछि दाबी गर्दा वहन गरेको सम्पूर्ण खर्च रकमको भुक्तानी पाइनेछ।
③ अस्पताल आवत-जावत गर्नको लागि लागेको यातायात खर्च पनि एक निश्चित शर्त पूरा गरेमा सम्पूर्ण खर्च रकमको भुक्तानी पाइनेछ।

## स्वास्थ्य उपचारको भत्ता, स्वास्थ्य उपचार खर्चको भुक्तानी

<दाबी गर्ने तरिका>
①को अवस्थामा : मूल व्यक्ति स्वयंले, श्रमिक दुर्घटनाको लागि तोकिएको चिकित्सा निकायहरूमा दाबीपत्र पेश गर्नुहोला।
②को अवस्थामा : मूल व्यक्ति स्वयंले, सिधै श्रम मानक निरीक्षण कार्यालयमा दाबीपत्र पेश गर्नुहोला।

<ध्यान दिनुपर्ने कुरा>
①②सँगै, घाउचोट वा बिमारी बिसेक (लक्षण स्थिर रहने) नहुँदासम्म प्राप्त गर्न सकिन्छ।

हदम्याद .........स्वास्थ्य उपचारको लागि खर्च गरेको दिन पिच्छे दाबी अधिकार प्राप्त हुन्छ र त्यसको भोलिपल्ट देखि 2 वर्षसम्म हदम्याद कायम रहन्छ (① सम्बन्धमा भने हदम्याद लागू हुँदैन)

## अस्पताल आवत-जावत खर्च

<भुक्तानी अन्तर्वस्तु>
अस्पताल आवत-जावतमा लागेको खर्चको खुद लागत बराबरको रकम भुक्तानी गरिन्छ।

<भुक्तानीका शर्तहरू>
निम्न शर्तहरूमध्ये सबै पूरा गरेमा भुक्तानी गरिन्छ।
① श्रमिकको बसोबास स्थल अथवा काम गर्ने स्थलदेखि सिद्धान्ततः एक तर्फी बाटो 2 ㎞ वा सो भन्दा टाढाको अस्पतालमा आवत-जावत गरेको हुनुपर्ने
② श्रमिकको बसोबास स्थल अथवा काम गर्ने स्थल र सोही नगरपालिका / गाउँपालिकामा भएको उपयुक्त चिकित्सा निकायमा आवत-जावत गरेको हुनुपर्ने (अपवादस्वरूप सोही नगरपालिका / गाउँपालिकाभित्र उपयुक्त चिकित्सा निकाय नभएको अवस्था आदिमा पनि भुक्तानी हुनसक्छ)।
<दाबी गर्ने तरिका>
मूल व्यक्ति स्वयंले सिधै श्रम मानक निरीक्षण कार्यालयमा दाबीपत्र पेश गर्नुपर्छ।

हदम्याद .........खर्च गरेको दिन पिच्छे नै दाबी अधिकार प्राप्त हुन्छ र त्यसको भोलिपल्टदेखि 2 वर्षसम्म हदम्याद कायम रहन्छ

【थप जानकारीको लागि】 द्वितीय संस्करण
・स्वास्थ्य उपचार (क्षतिपूर्ति) आदि भत्ता / स्वास्थ्य उपचारको खर्च आदि भत्ता → P14
・स्वास्थ्य उपचार (क्षतिपूर्ति) भत्ता / उपचार खर्च दाबीपत्र → P37

# घाउ वा बिरामी भएर उपचार गर्दा भत्ता प्राप्त गर्ने प्रक्रिया

**श्रमिक दुर्घटना भयो**

**बायाँ पट्टि:**

- श्रमिक दुर्घटनाको लागि तोकिएको चिकित्सा निकायहरूमा जाँच*1
- व्यवसाय मालिकबाट दाबीपत्र *2 प्रमाणित गराउने
- तोकिएको चिकित्सा निकायमा दाबीपत्र *2 पेश
- श्रम मानक निरीक्षण कार्यालयद्वारा दाबीपत्र स्वीकृत
- श्रम मानक निरीक्षण कार्यालयद्वारा परीक्षण
- तोकिएको चिकित्सा निकायमा उपचार खर्चहरू भुक्तानी

**दायाँ पट्टि:**

- अन्य चिकित्सा निकायमा जाँच*3
- चिकित्सा निकायमा उपचार खर्चको भुक्तानी
- व्यवसाय मालिक / चिकित्सा निकायबाट दाबीपत्र *4 मा प्रमाणित गराउने
- श्रम मानक निरीक्षण कार्यालयमा दाबीपत्र *4 पेश
- रसिद आदि लागेको खर्च प्रमाणित गर्ने कागजात सङ्लग्न गर्ने
- श्रम मानक निरीक्षण कार्यालयद्वारा परीक्षण
- दाबी गर्ने व्यक्तिको तोकिएको खातामा ट्रान्स्फर गरी भुक्तानी

आवश्यकता अनुसार, दाबी गर्ने व्यक्ति, सम्बन्धित व्यक्ति समक्ष, कागजात पेश गर्न या सोधपुछ गर्न सकिने हुनसक्छ।

दाबी प्राप्त गरेदेखि भत्ता प्रदान गर्ने निर्णयसम्मको अवधि भनेको लगभग 1 महिना हो तर अवस्थाअनुसार सो भन्दा बढी लाग्न पनि हुनसक्छ।

*1 चोटपटक लाग्दाको उपचारमा सामाग्री (नि:शुल्क) द्वारा भुक्तानी गरिन्छ।

*2 स्वास्थ्य उपचारको भत्ता दाबीपत्र (कार्यस्थलमा दुर्घटना भएको वा विभिन्न कारकहरूबाट कार्यस्थलमा दुर्घटना भएको आदि भए फारम नं. 5, काममा आवत-जावत गर्दाको दुर्घटना भए फारम नं. 16-3)

*3 स्वास्थ्य उपचारमा लागेको खर्च भुक्तानी गरिन्छ।

*4 स्वास्थ्य उपचारको खर्च प्राप्त गर्ने दाबीपत्र (कार्यस्थल दुर्घटना भए फारम नं. 7, काममा आवत-जावत गर्दाको दुर्घटना भए फारम नं. 16-5)

काममा आवत-जावत गर्दाको दुर्घटना भए दाबीपत्रको अतिरिक्त फारम नं. 16 (छुट्टै कागज) "काममा आवत-जावत गर्दाको दुर्घटनामा सम्बन्धित बुँदा" पेश गर्न आवश्यक हुन्छ।

Q. काम गर्दागर्दै अथवा काममा आवत-जावत गर्दाको दुर्घटनाले लागेको घाउ उपचार गर्न अफिस बिदा बसेको खण्डमा कस्तो खालको क्षतिपूर्ति प्राप्त गर्न सकिन्छ होला?

स्वास्थ्य उपचारको लागि बिदा बसेर ज्याला प्राप्त नगरेको अवस्थामा, बिदा (क्षतिपूर्ति) भत्ता प्राप्त गर्न सकिन्छ।

・कहिलेदेखि.........बिदा बसेको चौँथो दिनदेखि

・कति....................1 दिनको, आधारभूत दैनिक भत्ता राशि (*)को 80%
(बिमा भत्ता 60%+विशेष भुक्तानी रकम 20%)

* "आधारभूत दैनिक भत्ता राशि" भनेको कारक बनेको दुर्घटना घट्नु ठिक अगाडिको 3 महिना बराबरको ज्यालालाई क्यालेण्डरमा हुने दिन सङ्ख्याले भाग लगाएको (औसत ज्याला) हो।

(जस्तैः-1) मासिक 2 लाख येन ज्याला (ज्याला हिसाब बन्द हुने दिन हरेक महिनाको मसान्त) भएर, अक्टोबरमा दुर्घटना घट्दा
2 लाख येन ×3 महिना ÷ 92 दिन[जुलाई (31 दिन) + अगष्ट (31 दिन)+ सेप्टेम्बर (30 दिन)] ≒ 6,522 येन
6,522 येन ×80% ≒ 5,217 येन
→ बिदा 1 दिनको, आधारभूत दैनिक भत्ता राशिको 80% हुन आउने 5,217 येन भुक्तानी हुन्छ।

(जस्तैः-2) दुई कम्पनीहरू, कम्पनी ए र कम्पनी बी का लागि काम गर्दै कम्पनी एबाट प्रति महिना 200,000 येन र कम्पनी बीबाट प्रति महिना 100,000 येनको ज्याला (ज्याला डेडलाइन दुबै A र B को लागि प्रत्येक महिनाको अन्तिम दिन) हो र यदि जुलाई मा एउटा दुर्घटना घट्दा

・कम्पनी ए को आधारभूत दैनिक भत्ता राशि
(200,000 येन) x 3 महिना ÷ 91 दिन [अप्रिल (30 दिन) + मे (31 दिन) + जून (30 दिन) ] =6,593.40 येन
・कम्पनी बी को आधारभूत दैनिक भत्ता राशि
(100,000 येन) x 3 महिना ÷ 91 दिन [अप्रिल (30 दिन) + मे (31 दिन) + जून (30 दिन) ] = 3,296.70 येन
6,593.40 येन+3,296.70 येन≒9,891 येन
9,891 येन×80%≒7,912 येन
→ यो एक दिनको लागि भुक्तान गरिनेछ। प्रत्येक रोजगारका लागि आधारभूत दैनिक भत्ता राशिको कुल संख्याको 80%(7,912येन)

## बिदा (क्षतिपूर्ति) भत्ता

<भुक्तानीका शर्तहरू>
①～③ सम्मको सबै शर्त पूरा गर्नुपर्ने आवश्यकता रहन्छ।
① काम गरेको कारणले अथवा काममा आवत-जावत गर्दा चोटपटक लागेर वा बिरामीले गर्दा स्वास्थ्य उपचार गरिरहेको हुनुपर्ने
② श्रम गर्न नसक्ने भएको हुनुपर्ने
③ ज्याला नलिएको हुनुपर्ने

<भुक्तानी अन्तर्वस्तु>
बिदा बसेको चौँथो दिनदेखि, 1 दिन बिदाको लागि आधारभूत दैनिक भत्ता राशिको 80% (बिमा भत्ता 60%+विशेष भुक्तानी रकम 20%) भुक्तानी हुन्छ। बहु व्यवसायिक कार्यकर्ताहरूको मामिलामा, सबै कार्यस्थलको ज्यालाको आधारमा आधारभूत दैनिक भत्ता राशिबराबर कुल रकमको 80% (बिमा भत्ता 60% + विशेष भुक्तानी रकम 20%) भुक्तान गरिनेछ।

<दाबी गर्ने तरिका>
मूल व्यक्ति स्वयंले, सिधै श्रम मानक निरीक्षण कार्यालयमा दाबीपत्र पेश गर्नुपर्छ।

<ध्यान दिनुपर्ने कुरा >
बिदा बसेको पहिलो दिनदेखि तेस्रो दिनसम्मको ज्याला भने श्रमिक दुर्घटना बिमाबाट भुक्तानी हुँदैन। यस अवधिमा कार्यस्थलमा दुर्घटना भएको भए व्यवसाय मालिकले बिदा क्षतिपूर्ति (1 दिनको औसत ज्यालाको 60%) दिनुपर्ने हुन्छ।
यद्यपि विभिन्न कारकहरूबाट कार्यस्थल दुर्घटना र काममा आवत-जावत गर्दाको दुर्घटनाको मामिलामा नियोक्ताको दायित्वका लागि कुनै कानुनी प्रावधान छैन।

हदम्याद ....ज्याला प्राप्त नगरेको दिन पिच्छे दाबी अधिकार प्राप्त भई त्यसको भोलिपल्टदेखि 2 वर्षसम्म हदम्याद कायम रहन्छ

【थप जानकारीको लागि 】द्वितीय संस्करण / बिदा (क्षतिपूर्ति) भत्ता → P16
・बिदा (क्षतिपूर्ति) भत्ता दाबीपत्र → P41

# बिदा (क्षतिपूर्ति) आदि भत्ता प्राप्त गर्नका लागि गरिने प्रक्रिया

श्रमिक दुर्घटना भयो

चिकित्सक, व्यवसाय मालिकबाट दाबीपत्र प्रमाणित गराउने

दोस्रो पटकपछिको दाबी गर्दा, काम छोडी सकेको भएमा व्यवसाय मालिकबाट प्रमाणित गराउनु पर्ने आवश्यकता रहँदैन।

दाबीपत्र श्रम मानक निरीक्षण कार्यालय समक्ष पेश

श्रम मानक निरीक्षण कार्यालयद्वारा परीक्षण

आवश्यकताअनुसार दाबी गर्ने व्यक्ति एवम् सम्बन्धित व्यक्ति समक्ष, कागजात पेश गर्न अनुरोध वा सोधपुछ गर्न सकिनेछ।

- काम नै कारक भएर चोटपटक वा रोग लागेको हो होइन
- बिदा आवश्यक पर्छ वा पर्दैन
- बिमा भत्ता राशिको हिसाब आदि

भुक्तानी दिने नदिने निर्णय

दाबी प्राप्त गरेदेखि भत्ता प्रदान गर्ने निर्णयसम्मको अवधि भनेको लगभग 1 महिना हो तर अवस्थाअनुसार सो भन्दा बढी लाग्न पनि हुनसक्छ।

दाबी गर्ने मूल व्यक्ति स्वयंलाई भुक्तानी दिने नदिने निर्णयको सूचना पठाउने

तोकिएको खातामा बिमा भत्ता भुक्तानी

बिदा (क्षतिपूर्ति) भत्ता भुक्तानी दाबीपत्र (कार्यस्थलमा दुर्घटना भएमा फारम नं. 8, काममा आवत-जावत गर्दाको दुर्घटना भएमा फारम नं. 16-6)

# काम वा कामको आवत-जावत कारक भएर आफन्तको मृत्यु भएमा

Q. काम वा कामको आवत-जावत कारक भएर श्रमिकको मृत्यु भएमा परिवारले कस्ता क्षतिपूर्ति प्राप्त गर्न सक्छन् होला?

① पीडित परिवार (क्षतिपूर्ति) आदि पेन्सन अथवा उपदान, काजक्रिया खर्च (काजक्रिया भत्ता) प्राप्त गर्न सक्नेछन्।
② स्वास्थ्य उपचार (क्षतिपूर्ति) आदि भत्ता, बिदा (क्षतिपूर्ति) आदि भत्ता प्राप्त गर्नु अघि नै मृत्यु भएको खण्डमा भुक्तानी हुन बाँकी राशि पीडित परिवारले प्राप्त गर्न सक्नेछन्।

## पीडित परिवार (क्षतिपूर्ति) आदि पेन्सन

＜सम्बन्धित बिमा भत्ता＞
भुक्तानी हुन बाँकी बिमा भत्ता / विशेष भुक्तानी रकम, पीडित परिवार अध्ययन आदि सहायता खर्च, पीडित परिवार रोजगारी बाल स्याहार सहायता खर्च

**○पीडित परिवार (क्षतिपूर्ति) पेन्सन**

＜दाबी गर्न सक्ने पीडित परिवार＞
श्रमिकको मृत्यु भएको खण्डमा उक्त व्यक्तिको आयले जीवन धानिरहेका पति / पत्नी, बालबच्चा, आमाबुवा, नातिनातिना, हजुर आमाबुवा, दाजुभाइ दिदीबहिनी हुन्। तथापि श्रीमतीबाहेकको पीडित परिवारको हकमा भने दुर्घटनामा परेको श्रमिकको मृत्यु हुँदा एक निश्चित अवस्थाका वृद्ध अथवा नाबालिग भएको अथवा एक निश्चित अपाङ्गता भएको हुनु आवश्यक छ।

＜भुक्तानी अन्तर्वस्तु＞
प्राप्त गर्न योग्य व्यक्तिमध्ये प्रथम प्राथमिक व्यक्तिलाई पीडित परिवारको सङ्ख्या आदि हेरी निम्नअनुसार भुक्तानी गरिनेछ।

| पीडित परिवार सङ्ख्या | पीडित परिवार (क्षतिपूर्ति) पेन्सन | पीडित परिवार विशेष भुक्तानी रकम (उपदान) | पीडित परिवार विशेष पेन्सन |
|---|---|---|---|
| 1 जना | आधारभूत दैनिक भत्ता राशिको 153 दिन बराबर (तथापि, उक्त पीडित परिवार 55 वर्ष वा सो भन्दा माथिको श्रीमती अथवा एक निश्चित अपाङ्गता भएको श्रीमती भएमा आधारभूत दैनिक भत्ता राशिको 175 दिन बराबर) | 30 लाख येन | आधारभूत दैनिक हिसाब राशिको 153 दिन बराबर (तथापि, उक्त पीडित परिवार 55 वर्ष वा सो भन्दा माथिको श्रीमती अथवा एक निश्चित अपाङ्गता भएको श्रीमती भएमा आधारभूत दैनिक भत्ता राशिको 175 दिन बराबर) |
| 2 जना | आधारभूत दैनिक भत्ता राशिको 201 दिन बराबर | | आधारभूत दैनिक हिसाब राशिको 201 दिन बराबर |
| 3 जना | आधारभूत दैनिक भत्ता राशिको 223 दिन बराबर | | आधारभूत दैनिक हिसाब राशिको 223 दिन बराबर |
| 4 जना वा सो भन्दा बढी | आधारभूत दैनिक भत्ता राशिको 245 दिन बराबर | | आधारभूत दैनिक हिसाब राशिको 245 दिन बराबर |

*आधारभूत दैनिक हिसाब राशि बारेमा→द्वितीय संस्करण P9

＜दाबी गर्ने तरिका＞
पीडित परिवारले सिधै श्रम मानक निरीक्षण कार्यालयमा दाबीपत्र पेश गर्नुपर्छ।

○पीडित परिवार (क्षतिपूर्ति) उपदान
＜भुक्तानीका शर्तहरू/ भुक्तानी अन्तर्वस्तु＞
・श्रमिकको मृत्यु भएको समयमा, पीडित परिवार (क्षतिपूर्ति) पेन्सन प्राप्त गर्न योग्य व्यक्ति नभएको खण्डमा
→आधारभूत दैनिक भत्ता राशि 1000 दिन बराबर, पीडित परिवार विशेष भुक्तानी रकम 30 लाख येन, आधारभूत दैनिक हिसाब राशि 1000 दिन बराबर, मृत्यु भएको श्रमिकको आफन्तमध्ये प्रथम प्राथमिक व्यक्तिलाई भुक्तानी गरिन्छ।
・पीडित परिवार (क्षतिपूर्ति) आदि पेन्सनको प्राप्ति अधिकार भएको व्यक्तिहरू कोही बाँकी नभएर, प्राप्ति अधिकार भएका पीडित परिवारका सबैलाई भुक्तानी गरिएको पेन्सन राशि एवम् पीडित परिवार (क्षतिपूर्ति) पेन्सन अग्रिम भुक्तानी उपदानको कुल राशि, आधारभूत दैनिक भत्ता राशि एवम् आधारभूत दैनिक हिसाब राशिको 1000 दिन बराबर पुरै भुक्तानी नभई सकेको खण्डमा
→आधारभूत दैनिक भत्ता राशिको 1000 दिन बराबर एवम् आधारभूत दैनिक हिसाब राशिको 1000 दिन बराबरको रकमबाट पहिल्यै भुक्तानी भईसकेको पीडित परिवार (क्षतिपूर्ति) पेन्सन आदिको कुल राशि घटाएर प्रथम प्राथमिक व्यक्तिलाई भुक्तानी गरिन्छ।
＜दाबी गर्ने तरिका＞
पीडित परिवारले सिधै श्रम मानक निरीक्षण कार्यालयमा दाबीपत्र पेश गर्नुपर्छ।

हदम्याद ……… दुर्घटनामा परेको व्यक्तिको मृत्यु भएको भोलिपल्टदेखि 5 वर्षसम्म हदम्याद कायम रहन्छ

【थप जानकारीको लागि】द्वितीय संस्करण / पीडित परिवार (क्षतिपूर्ति) भत्ता → P26
・पीडित परिवार (क्षतिपूर्ति) भत्ता दाबीपत्र → P45

# पीडित परिवार (क्षतिपूर्ति) पेन्सन / उपदान प्राप्त गर्ने प्रक्रिया

## श्रमिक दुर्घटना भयो

↓

## श्रमिकको मृत्यु

↓

व्यवसाय मालिकबाट दाबीपत्र प्रमाणित गराउने

**<सङ्लग्न कागजात >**

- ○डेथ सर्टिफिकेट
- ○बितेको व्यक्तिसँगको नाता प्रमाणित हुने कागजात (कोसेकि तोउहोन् (पारिवारिक पहिचान)को सङ्क्षिप्त प्रतिलिपि वा विस्तृत प्रतिलिपि आदि *)
- ○बितेको व्यक्तिको आयले जीवन धानिरहेको कुरा थाहा हुने प्रमाण आदि

*देश अनुसार त्यस्ता कागजात नपाइने भएमा, बितेको व्यक्तिसँगको रगतको सम्बन्ध प्रमाणित हुने कागजपत्र

## पीडित परिवारद्वारा दाबीपत्र एवम् सङ्लग्न कागजात श्रम मानक निरीक्षण कार्यालयसमक्ष पेश

↓

## श्रम मानक निरीक्षण कार्यालयद्वारा परीक्षण

- ○ मृत्युको कारण काम हो वा होइन
- ○ प्राप्ति अधिकार भएको व्यक्ति पक्का गर्ने
- ○ बिमा भत्ता राशिको हिसाब

आदि

↓

दाबी प्राप्त गरेदेखि भत्ता प्रदान गर्ने निर्णयसम्मको अवधि भनेको लगभग 4 महिना हो तर अवस्थाअनुसार सो भन्दा बढी लाग्ने पनि हुनसक्छ।

## भुक्तानी दिने नदिने निर्णय

↓

दाबी गर्ने व्यक्तिलाई भुक्तानी दिने नदिने निर्णयको सूचना पठाउने

## तोकिएको खातामा बिमा भत्ता भुक्तानी

- पीडित परिवार (क्षतिपूर्ति) आदि पेन्सन भुक्तानी दाबीपत्र (कार्यस्थलमा दुर्घटना भएमा फारम नं. 12, काममा आवत-जावत गर्दा दुर्घटना भएमा फारम नं. 16-8)
- पीडित परिवार (क्षतिपूर्ति) आदि उपदान भुक्तानी दाबीपत्र (कार्यस्थलमा दुर्घटना भएमा फारम नं. 15, काममा आवत-जावत गर्दा दुर्घटना भएमा फारम नं. 16-9)

*अन्य आवश्यक पर्ने कागजात पेश गर्नुपर्ने हुनसक्छ।

## काजक्रिया खर्च (काजक्रिया भत्ता)

＜भुक्तानीका शर्तहरू＞
पीडित परिवारले काजक्रिया गरेको भएमा अथवा मृत्यु भएको श्रमिकको कार्यालयले काजक्रिया गराएको खण्डमा काजक्रिया गरेको व्यक्तिलाई भुक्तानी गरिन्छ।
＜भुक्तानी अन्तर्वस्तु＞
① 315,000 येन ＋आधारभूत दैनिक भत्ता राशिको 30 दिन बराबरको रकम
② ① को राशि, आधारभूत दैनिक भत्ता राशिको 60 दिन बराबर नभएको खण्डमा आधारभूत दैनिक भत्ता राशिको 60 दिन बराबरको रकम
＜दाबी गर्ने तरिका＞
पीडित परिवारहरूले सिधै श्रम मानक निरीक्षण कार्यालय समक्ष दाबीपत्र पेश गर्नुपर्छ।

हदम्याद ......... दुर्घटनामा परेको व्यक्तिको मृत्यु भएको भोलिपल्टदेखि 2 वर्षसम्म हदम्याद कायम रहन्छ

【थप जानकारीको लागि】द्वितीय संस्करण / काजक्रिया खर्च (काजक्रिया भत्ता) → P32
▪काजक्रिया खर्च (काजक्रिया भत्ता) दाबीपत्र → P49

Q. मृत्यु हुनु अघि उपचार गरेर वा बिदा बसेर श्रमिक दुर्घटनाको बिमा भत्ता प्राप्त गर्न मिल्ने भएको व्यक्तिको भत्ता प्राप्त गर्नु अघि नै मृत्यु भएको खण्डमा अरू कसैले तिनको सट्टामा प्राप्त गर्न सक्छन् कि सक्दैनन् होला?

बिमा भत्ता प्राप्त गर्न सक्ने अधिकार भएको व्यक्तिको मृत्यु भएको बेलामा उक्त मृत्यु भएको व्यक्तिलाई
① भुक्तानी दिनुपर्ने कारण उत्पन्न भएको तर दाबी नगरिएको बिमा भत्ता
② दाबी गरिएको तर भुक्तानी निर्णय नभई सकेको बिमा भत्ता
③ भुक्तानी निर्णय भएको तर भुक्तानी नभई सकेको बिमा भत्ता
भएको खण्डमा भने उक्त व्यक्तिको पीडित परिवारमध्ये एक निश्चित शर्त पूरा गरेको व्यक्तिले बिमा भत्ता एवम् विशेष भुक्तानी रकम प्राप्त गर्न सक्दछ। (भुक्तानी हुन बाँकी बिमा भत्ता प्रदान)

### भुक्तानी हुन बाँकी बिमा भत्ता / विशेष भुक्तानी रकम

＜सम्बन्धित बिमा भत्ता＞
स्वास्थ्य उपचार (क्षतिपूर्ति) आदि भत्ता, बिदा (क्षतिपूर्ति) आदि भत्ता, अपाङ्गता (क्षतिपूर्ति) आदि भत्ता, घाउचोट वा बिमारी (क्षतिपूर्ति) आदि पेन्सन, पीडित परिवार (क्षतिपूर्ति) आदि भत्ता

＜दाबी गर्न सक्ने पीडित परिवार＞
① र ② का दुवै शर्त पूरा गरेको खण्डमा दाबी गर्न सकिन्छ।
① मृत्यु भएको प्राप्ति अधिकार भएको व्यक्तिको पति / पत्नी, बालबच्चा, आमाबुवा, नातीनातिना, हजुर आमाबुवा, दाजुभाइ दिदीबहिनी
② प्राप्ति अधिकार भएको व्यक्तिको मृत्यु भएको खण्डमा उक्त व्यक्ति एउटै घरपरिवारअन्तर्गत रहेको हुनुपर्ने (सँगै बसेको नै हुनुपर्छ भन्ने छैन)
पुनश्च: ①② को शर्त पूरा गरेको व्यक्ति नभएमा अंश पाउनेले दाबी गर्न सक्नेछ।

＜पीडित परिवार (क्षतिपूर्ति) पेन्सन प्राप्त गरेको व्यक्तिको मृत्यु भएको खण्डमा＞
दाबी गर्न सक्ने पीडित परिवार......मृत्यु भएको श्रमिकको पीडित परिवार (पति / पत्नी, बालबच्चा, आमाबुवा, नातीनातिना, हजुर आमाबुवा, दाजुभाइ दिदीबहिनी) मध्ये, द्वितीय प्राथमिकताअन्तर्गतका योग्य व्यक्ति (पेन्सन पाएको व्यक्तिको पति / पत्नीहरू भने होइनन्)

＜दाबी गर्ने तरिका＞
पीडित परिवारले सिधै श्रम मानक निरीक्षण कार्यालयमा दाबीपत्र पेश गर्नुपर्छ।

हदम्याद ......... हरेक बिमा भत्ताको नियमअनुसार

# पहिल्यै श्रमिक दुर्घटना बिमा भत्ता प्राप्त गरिरहेको भएमा

Q. कहिलेसम्म उपचारको लागि अस्पताल जान सकिन्छ होला?

स्वास्थ्य उपचार (क्षतिपूर्ति) आदि भत्ता, घाउचोट वा बिमारी बिसेक (लक्षण स्थिर रहने) आदि नहुँदासम्म प्राप्त गर्न सकिन्छ।
पुनश्चः घाउचोट वा बिमारीको उपचार सुरु गरेर 18 महिना हुँदा पनि बिसेक (लक्षण स्थिर रहने) नभएर, गहन अपाङ्गता बाँकी रहेमा घाउचोट वा बिमारी (क्षतिपूर्ति) आदि पेन्सन प्राप्त गर्न सकिनेछ।

## घाउचोट वा बिमारी (क्षतिपूर्ति) आदि पेन्सन

＜सम्बन्धित बिमा भत्ता＞ केयर गिभिङ (क्षतिपूर्ति) आदि भत्ता

＜भुक्तानीका शर्तहरू / भुक्तानी अन्तर्वस्तु＞
कानुनले तोकेको घाउचोट वा बिमारीको श्रेणीसँग मेल खाई उक्त स्थिति विद्यमान रहिरहेको आदि भएको खण्डमा घाउचोट वा बिमारी (क्षतिपूर्ति) सम्बन्धी पेन्सन, विशेष भुक्तानी रकम, विशेष पेन्सन भुक्तानी गरिनेछ।

| घाउचोट वा बिमारीको श्रेणी | घाउचोट वा बिमारी (क्षतिपूर्ति) आदि पेन्सन | घाउचोट वा बिमारी विशेष भुक्तानी रकम (उपदान) | घाउचोट वा बिमारी विशेष पेन्सन |
|---|---|---|---|
| श्रेणी-1 | आधारभूत दैनिक भत्ता राशिको 313 दिन बराबर | 11 लाख 40 हजार येन | आधारभूत दैनिक हिसाब राशिको 313 दिन बराबर |
| श्रेणी-2 | आधारभूत दैनिक भत्ता राशिको 277 दिन बराबर | 10 लाख 70 हजार येन | आधारभूत दैनिक हिसाब राशिको 277 दिन बराबर |
| श्रेणी-3 | आधारभूत दैनिक भत्ता राशिको 245 दिन बराबर | 10 लाख येन | आधारभूत दैनिक हिसाब राशिको 245 दिन बराबर |

＜ध्यान दिनुपर्ने कुरा＞
दाबी गर्दैमा भुक्तानी पाइने नभई श्रम मानक निरीक्षण कार्यालय प्रमुखले आफ्नो अख्तियार प्रयोग गरी निर्णय गर्दछन्।

Q. पूर्ण रूपमा बिसेक नहुँदै बिसेक (लक्षण स्थिर रहने) भयो भनिएको खण्डमा केही क्षतिपूर्ति प्राप्त गर्न सकिन्छ होला?

श्रमिक दुर्घटना बिमामा उपचार गर्दा पनि हालको स्थितिमा सुधार नआउने स्थितिलाई पनि बिसेक (लक्षण स्थिर रहने) मानिने गरिएको छ। बिसेक (लक्षण स्थिर रहने) भएपश्चात केही अपाङ्गता बाँकी भए अपाङ्गताको तहअनुसार अपाङ्गता (क्षतिपूर्ति) भत्ता प्राप्त गर्न सकिन्छ।

## अपाङ्गता (क्षतिपूर्ति) भत्ता

<सम्बन्धित बिमा भत्ता>
केयर गिभिङ (क्षतिपूर्ति) आदि भत्ता, सर्जरी पश्चातको ट्रिटमेन्ट, आफ्टर केयर, कृतिम अङ्गजस्ता सहायक सामाग्रीको खर्च भुक्तानी

<भुक्तानीका शर्तहरू / भुक्तानी अन्तर्वस्तु>

काम गर्दागर्दै अथवा काममा आवत-जावत गर्दा चोटपटक वा रोग बिसेक (लक्षण स्थिर रहने) भएको खण्डमा शरीरमा एक निश्चित अपाङ्गता बाँकी भएर, ऐन-कानुनले तोकेको अपाङ्गताको श्रेणीमा परेको अवस्थामा, उक्त अपाङ्गताको हदअनुसार हरेक श्रेणीको लागि निम्नअनुसार पेन्सन अथवा उपदान भुक्तानी गरिन्छ।

| अपाङ्गता को श्रेणी | अपाङ्गता (क्षतिपूर्ति) आदि भत्ता | | अपाङ्गता विशेष भुक्तानी रकम | | अपाङ्गता विशेष पेन्सन | | अपाङ्गता विशेष उपदान | |
|---|---|---|---|---|---|---|---|---|
| श्रेणी-1 | पेन्सन | आधारभूत दैनिक भत्ता राशिको 313 दिन बराबर | उपदान | ¥34.2 लाख | पेन्सन | आधारभूत दैनिक हिसाब राशिको 313 दिन बराबर | | |
| श्रेणी-2 | | 〃277 दिन बराबर | | ¥32 लाख | | 〃277 दिन बराबर | | |
| श्रेणी-3 | | 〃245 दिन बराबर | | ¥30 लाख | | 〃245 दिन बराबर | | |
| श्रेणी-4 | | 〃213 दिन बराबर | | ¥26.4 लाख | | 〃213 दिन बराबर | | |
| श्रेणी-5 | | 〃184 दिन बराबर | | ¥22.5 लाख | | 〃184 दिन बराबर | | |
| श्रेणी-6 | | 〃156 दिन बराबर | | ¥19.2 लाख | | 〃156 दिन बराबर | | |
| श्रेणी-7 | | 〃131 दिन बराबर | | ¥15.9 लाख | | 〃131 दिन बराबर | | |
| श्रेणी-8 | उपदान | 〃503 दिन बराबर | | ¥6.5 लाख | | | उपदान | आधारभूत दैनिक हिसाब राशिको 503 दिन बराबर |
| श्रेणी-9 | | 〃391 दिन बराबर | | ¥5 लाख | | | | 〃391 दिन बराबर |
| श्रेणी-10 | | 〃302 दिन बराबर | | ¥3.9 लाख | | | | 〃302 दिन बराबर |
| श्रेणी-11 | | 〃223 दिन बराबर | | ¥2.9 लाख | | | | 〃223 दिन बराबर |
| श्रेणी-12 | | 〃156 दिन बराबर | | ¥2 लाख | | | | 〃156 दिन बराबर |
| श्रेणी-13 | | 〃101 दिन बराबर | | ¥1.4 लाख | | | | 〃101 दिन बराबर |
| श्रेणी-14 | | 〃56 दिन बराबर | | ¥0.8 लाख | | | | 〃56 दिन बराबर |

<दाबी गर्ने तरिका>

मूल व्यक्ति स्वयंले सिधै श्रम मानक निरीक्षण कार्यालयसमक्ष दाबीपत्र पेश गर्नुपर्छ।

हदम्याद .........घाउचोट वा बिमारी बिसेक भएको दिनको भोलिपल्टदेखि 5 वर्षसम्म हदम्याद कायम रहन्छ

【थप जानकारीको लागि】द्वितीय संस्करण / अपाङ्गता (क्षतिपूर्ति) आदि भत्ता → P18
・अपाङ्गता (क्षतिपूर्ति) आदि। भत्ता दाबीपत्र → P43

# केही अपाङ्गता बाँकी रहेको अवस्थामा भत्ता लिने प्रक्रिया

श्रमिक दुर्घटना भयो

↓

स्वास्थ्य उपचार

↓

**बिसेक(लक्षण स्थिर रहने)**

↓

व्यवसाय मालिकबाट दाबीपत्र प्रमाणित गराउने

दाबीपत्र श्रम मानक निरीक्षण कार्यालयसमक्ष पेश

↓

लक्षण स्थिर रहेको एवम् अपाङ्गताको श्रेणी प्रमाणीकरण गर्दा आवश्यकताअनुसार विशेषज्ञ चिकित्सकद्वारा लक्षणहरू जाँच गराइन सकिन्छ।

अपाङ्गताको श्रेणी प्रमाणीकरण

↓

मूल व्यक्ति स्वयंलाई बिमा भत्ता निर्णयको सूचना पठाउने

**तोकिएको खातामा बिमा भत्ता भुक्तानी**

**<सङ्लग्न कागजात >**

○एक्स-रे आदि
○एउटै कारणको आधारमा, कर्मचारी अपाङ्गता पेन्सन, अपाङ्गता आधारभूत पेन्सनहरू प्राप्त गरिरहेको भएमा, भुक्तानी राशि प्रमाणित हुने कागजात

दाबी प्राप्त गरेदेखि भत्ता प्रदान गर्ने निर्णयसम्मको अवधि भनेको लगभग 3 महिना हो तर अवस्थाअनुसार सो भन्दा बढी लाग्ने पनि हुनसक्छ।

अपाङ्गता (क्षतिपूर्ति) आदि भत्ता भुक्तानी दाबीपत्र (कार्यस्थलमा दुर्घटना भएमा फारम नं. 10, काममा आवत-जावत गर्दा दुर्घटना भएमा फारम नं. 16-7)

*अन्य आवश्यक पर्ने कागजात पेश गर्नुपर्ने हुनसक्छ।

Q. गहन अपाङ्गता बाँकी हुन गएर, परिवार वा केयर गिभिङ् सेवा दिने उद्यमीहरूबाट केयर गिभिङ् सेवा प्राप्त गर्नुपर्ने हुँदा कस्ता क्षतिपूर्ति प्राप्त गर्न सकिन्छ होला?

एक निश्चित राशिको परिधिभित्र रहेर केयर गिभिङ् (क्षतिपूर्ति) आदि भत्ता प्राप्त गर्न सकिन्छ।

## केयर गिभिङ् (क्षतिपूर्ति) आदि भत्ता

＜सम्बन्धित बिमा भत्ता＞ अपाङ्गता (क्षतिपूर्ति) आदि भत्ता, घाउचोट वा बिमारी (क्षतिपूर्ति) आदि पेन्सन

＜भुक्तानीका शर्तहरू＞

①～④को सबै शर्त पूरा गरेको हुनुपर्छ।

① अपाङ्गता (क्षतिपूर्ति) आदि पेन्सन, अथवा घाउचोट वा बिमारी (क्षतिपूर्ति) आदि पेन्सनको श्रेणी-1, अथवा श्रेणी-2 मा दिमागले काम नगर्ने गहन अपाङ्गता, शरीरले काम नगर्ने अपाङ्गताजस्ता अपाङ्गता भएर, हरपल अथवा चाहिएको बेला केयर गिभिङ् आवश्यक पर्ने अवस्थामा रहेको हुनुपर्ने

② निजी कम्पनीको सःशुल्क केयर गिभिङ् सेवा वा आफन्त, साथी, चिनजानका मानिसबाट साँच्चै हेरविचार सेवा प्राप्त गरिरहेको हुनुपर्ने

③ अस्पताल अथवा स्वास्थ केन्द्रमा भर्ना नभएको हुनुपर्ने

④ वृद्धाश्रमहरूमा नरहेको हुनुपर्ने

＜भुक्तानी अन्तर्वस्तु＞

भुक्तानी राशि, हरपल केयर गर्नुपर्ने र चाहिएको बेला केयर गर्नुपर्ने गरी फरक हुन्छन् जुन् निम्नअनुसार छन्। (सन् 2024/3/1 मा।)

○ हरपल केयर गर्नुपर्ने : मासिक राशि 77,890 येनदेखि 172,550 येनसम्म

○ चाहिएको बेला केयर गर्नुपर्ने : मासिक राशि 38,900 येनदेखि 86,280 येनसम्म

＜दाबी गर्ने तरिका＞

मूल व्यक्ति स्वयंले सिधै श्रम मानक निरीक्षण कार्यालयसमक्ष दाबीपत्र पेश गर्नुपर्छ।

हदम्याद .....केयर गिभिङ् प्राप्त गरेको महिनाभन्दा पछिको महिनाको 1 तारिखबाट 2 वर्षसम्म हदम्याद कायम रहन्छ

【थप जानकारीको लागि】द्वितीय संस्करण / केयर गिभिङ् (क्षतिपूर्ति) आदि भत्ता → P33
・केयर गिभिङ् (क्षतिपूर्ति) आदि भत्ता दाबीपत्र → P51

## अन्य सपोर्ट प्रणाली

**●आफ्टर केयर**

घाउचोट वा बिमारी बिसेक (लक्षण स्थिर रहने) भएपनि, अपाङ्गताको अवस्था परिवर्तन हुने, अन्य रोग लाग्नेजस्ता डर भएको खण्डमा, दायरामा पर्ने घाउचोट वा बिमारी (20 थरी) बारेमा, 1 महिनामा 1 पटक जाँच्ने तथा स्वास्थ्य निर्देशनहरू प्राप्त गर्न सकिन्छ। साथै त्यसको लागि अस्पताल आवत-जावत गर्न लागेको खर्चको भुक्तानी प्राप्त गर्न सकिन्छ।

**●कृतिम अङ्गजस्ता सहायक सामाग्रीको खर्च भुक्तानी**

अपाङ्गता (क्षतिपूर्ति) आदि भत्ता प्राप्त गरिरहेको अथवा प्राप्त गर्ने योजना भएर एक निश्चित शर्त पूरा गरेको अवस्थामा, कृतिम अङ्गजस्ता सहायक सामाग्रीको खरिद (मर्मत) मा आवश्यक पर्ने खर्चको लागि आधारभूत राशिको परिधिभित्र रहेर भुक्तानी गरिन्छ। साथै एक निश्चित शर्त पूरा गरेको खण्डमा, खरिद (मर्मत)मा लागेको यात्रा खर्चको भुक्तानी प्राप्त गर्न सकिन्छ।

**●सर्जरी पश्चातको ट्रिटमेन्ट**

अपाङ्गता (क्षतिपूर्ति) आदि भत्ताको भुक्तानी प्राप्त गरेको खण्डमा, श्रमिक दुर्घटना अस्पताल अथवा तोकिएको अस्पतालमा कृतिम सामाग्रीको लागि पुनः शल्यक्रिया, खत हटाउने आदि, घाउचोट वा बिमारी बिसेक (लक्षण स्थिर रहने) भएपश्चात गरिने ट्रिटमेन्ट, स्वास्थ्य परीक्षण गर्दा आफैँले खर्च वहन नगरिकन गर्न सकिन्छ। एक निश्चित शर्त पूरा गरेको खण्डमा त्यसको लागि चाहिने यात्रा खर्चको भुक्तानी प्राप्त गर्न पनि सकिन्छ।

**●पीडित परिवार अध्ययन आदि सहायता खर्च**

पीडित परिवार (क्षतिपूर्ति) आदि पेन्सन आदि प्राप्त गर्ने व्यक्ति वा पीडितको बच्चा विद्यालय आदि जाने गरेको र एक निश्चित शर्त पूरा गरेको खण्डमा भुक्तानी प्राप्त गर्न सकिन्छ (पीडित परिवार अध्ययन सहायता खर्च अथवा पीडित परिवार रोजगारी बाल स्याहार सहायता खर्च)।

# अन्य

Q. मैले काम गरिरहेको कम्पनीले यसपालिको दुर्घटना श्रमिक दुर्घटनाभित्र पर्दैन भन्दै सहयोग गर्दैन र व्यवसाय मालिकले दिने प्रमाणका प्रक्रियाहरू पनि गरिदिँदैन, के गर्ने होला?

A. श्रमिक दुर्घटना बिमाको प्रक्रिया सिद्धान्ततः दुर्घटनामा परेको व्यक्ति स्वयंले गर्नुपर्ने हुन्छ। कम्पनीले व्यवसाय मालिकले दिने प्रमाण अस्वीकार गर्ने आदि गरेर केही नलाग्ने अवस्थामा, व्यवसाय मालिकको प्रमाण नभए पनि श्रमिक दुर्घटना बिमाको दाबीपत्र स्वीकृत हुन्छ।

Q. धेरै पहिला कम्पनीमा घटेको दुर्घटनालाई श्रमिक दुर्घटनास्वरूप स्वीकार गराउन सकिन्छ?

A. बिमा भत्ताअनुसारको निर्धारित हदम्याद नाघिसकेको भए भत्ता प्राप्त गर्न सकिँदैन। हरेक भत्ता पाउन सक्ने हदम्याद पक्का गर्नुहोला।

Q. अवकाश लिँदा, कम्पनी नै बन्द हुँदा पनि श्रमिक दुर्घटना क्षतिपूर्ति प्राप्त गर्न सकिन्छ होला?

A. त्यस्तो अवस्थामा पनि दाबी गर्न सकिन्छ। त्यस्तो अवस्थामा व्यवसाय मालिक वा कम्पनीका सहकर्मीको नामथर वा ठेगाना सोधपुछ पनि गरिन सक्छ।

Q. काम गरिरहेको कम्पनीले निम्न कुराहरू भनेको खण्डमा श्रमिक दुर्घटना बिमाअन्तर्गतको भत्ता प्राप्त गर्न सकिन्छ कि सकिँदैन होला?

①श्रमिक दुर्घटना बिमाको सदस्यता नलिएको

②श्रमिक दुर्घटना बिमा नभएर अर्कै बिमा लागू भएको

A. ①कम्पनीले श्रमिक दुर्घटना बिमाको सदस्यता लिने प्रक्रिया नगरेको भएपनि सिद्धान्ततः काम अथवा काममा आवत-जावतको क्रममा घाउ लाग्दा वा बिरामी हुँदा भत्ता प्राप्त गर्न सकिन्छ।

②कम्पनी अथवा समूहले सदस्यता लिएको स्वैच्छिक बिमा आदि लागू भएको भएपनि श्रमिक दुर्घटना बिमाबाट भुक्तानी प्राप्त गर्न सकिन्छ।

*कम्पनीबाट क्षतिपूर्ति (उपचार खर्चको भुक्तानी, बिदा क्षतिपूर्ति, हर्जाना भरण आदि) गरिएको बखतमा, भुक्तानी गर्न नसक्ने अथवा रकम कटौती हुन पनि सक्छ।

Q. निम्न अवस्थामा, श्रमिक दुर्घटना बिमाबाट भत्ता प्राप्त गर्न सकिन्छ होला?
①काममा आवत-जावत गर्दा साइकलसँग ठोक्किएर घाउ लाग्यो। साइकल चलाउने मान्छे को हो थाहा पाउन सकिन।
②सधैँ हिड्ने भन्दा फरक बाटोबाट काममा जाँदाजाँदै बीचमा घाउ लाग्यो।

A. ①श्रमिक दुर्घटना बिमाबाट भत्ता प्राप्त गर्न सकिन्छ।
②एक निश्चित शर्त पूरा गरेको खण्डमा बिमा भत्ताको दायरामा पर्दछ।

## काममा आवत-जावत गर्दाको दुर्घटना बारेमा

काममा आवत-जावत गर्दाको दुर्घटना भन्नाले, "काममा आवत-जावत" गर्दा श्रमिकलाई घाउचोट वा बिमारी आदि भएको भनेर बुझिन्छ।
"काममा आवत-जावत" भन्नाले, श्रमिकले ①~③ को यात्रा गर्दा तर्कसङ्गत बाटो तथा तरिका प्रयोग गरेको कुरालाई बुझिन्छ (कामको प्रकृतिले माग गर्ने यात्रा बाहेक)।
① बासस्थान तथा काम गर्ने ठाउँबीचको आउजाउ
② श्रम तथा कल्याण मन्त्रालयको आदेशअनुसार निर्धारण गरिएको काम गर्ने ठाउँबाट अन्य काम गर्ने स्थानतर्फ गरिने यात्रा (एकभन्दा बढी काम गर्ने व्यक्तिले काम गर्ने स्थलहरूबीचमा गर्ने यात्रा)
③ ①को आउजाउ गर्दा, पहिला जाँदा अथवा पछि फर्किँदाको यात्रा (श्रम तथा कल्याण मन्त्रालयको आदेशअनुसार तोकिएको शर्तमा पर्ने मात्रै)

＜भुक्तानी अन्तर्वस्तु＞
कार्यस्थलमा दुर्घटना हुँदाको जस्तै
(बिदा भत्ता बारेमा भने, आंशिक रकम वहनस्वरूप पहिलो पटकको भत्ता राशिबाट 200 येन काटिन्छ)

＜दाबी गर्ने तरिका＞
कार्यस्थल दुर्घटना हुँदाको जस्तै
सङ्लग्न कागजात : दुर्घटना प्रमाणपत्र (सवारी दुर्घटना भएमा) आदि

【थप जानकारीको लागि】द्वितीय संस्करण / काममा आवत-जावत गर्दाको दुर्घटना → P6

Q. काममा आवत-जावत गर्दा बीचैमा सवारी दुर्घटनामा परी घाउ लाग्यो। दुर्घटना गराउनेले सदस्यता लिएको सवारी साधन हर्जाना बिमा आदिबाट बिमा रकम प्राप्त गरेको अवस्थामा पनि श्रमिक दुर्घटना बिमाबाट भुक्तानी प्राप्त गर्न सकिन्छ होला?
A. श्रमिक दुर्घटना बिमा भत्ता प्राप्त गर्न सकिन्छ तर एउटै कारणअन्तर्गतको श्रमिक दुर्घटना बिमाको भुक्तानी राशि भने सवारी साधन हर्जाना बिमा आदिबाट प्राप्त गरेको रकम कटाएर दिइन्छ।
पुनश्चः बिदामा बस्नु परेको अवस्था वा केही अपाङ्गता बाँकी रहेको अवस्थामा भुक्तानी गरिने विशेष भुक्तानी रकम भने, सवारी साधन हर्जाना बिमा आदिबाट भुक्तानी भएको भएपनि नभएपनि भुक्तानी दिइन्छ।

# आफ्नो देश फर्कँदा ध्यान दिनुपर्ने बुँदाहरू

<जापान बाहिरबाट दाबी गर्दा>

## बिमा भत्ता राशि

भुक्तानी राशि भुक्तानी निर्णय भएको दिनमा विदेशी मुद्रा सटही दर (बिक्री मूल्य) अनुसार हिसाब गरेको जापानी येन हुनजान्छ।

## विदेशमा उपचार गरेको अवस्थामा

स्वास्थ्य परीक्षणको अन्तर्वस्तु व्यावहारिक छ भनेर ठहर गरिएको अवस्थामा भुक्तानीको दायरामा पर्दछ। (उपचारमा लागेको खर्च भुक्तानी गरिन्छ)

## जापानभित्र मात्र उपलब्ध हुने प्रमुख सपोर्ट प्रणालीहरू

- आफ्टर केयर
- कृतिम अङ्गजस्ता सहायक सामाग्री खर्चको भुक्तानी (ह्वीलचेयर आदि प्रदान गर्न सकिने हुनसक्छ)
- सर्जरीपश्चातको ट्रिटमेन्ट
- पीडित परिवार अध्ययन आदि सहायता खर्च (जापानभित्रको विद्यालयमा पढ्न जाने गरेको भएमा) →P13

(R6.3)